अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०२।१२ गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

विशेष अदातलमा दर्ता भएको मुद्दा नं. ०८२-CR-०१२० मा वादी नेपाल सरकार प्रतिवादी ढुण्डिराज दाहाल भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा **सरकारी साक्षीहरू प्रल्हाद गौतम, विप्लव पोखेल र राजेश श्रेष्ठ** अदालत समक्ष वकपत्र गर्दा प्रतिकूल बकपत्र गरेकोले निजहरू उपर अनुसन्धान गर्नुपर्ने भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा विशेष अदालत, काठमाडौंमा दर्ता भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षीको रूपमा पेस गरिएका सरकारी साक्षीहरू विप्लव पोखेल, प्रल्हाद गौतम र राजेश श्रेष्ठले प्रतिवादी ढुण्डिराज दाहाललाई घुस/रिसवत दिएको कार्य कसुर (Actus Reus) पुष्टि भएको देखिएतापनि अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिई प्रतिवादी नबनाई सरकारी साक्षीको रूपमा पेस गरिएकोमा निजहरूले विशेष अदालत, काठमाडौंमा उपस्थित भई मिति २०८३/०१/२५ गते बकपत्र गर्दा आयोगका अनुसन्धान अधिकृत समक्ष गरेको वयान प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि हुन आएकोले भुक्तानी प्रक्रियामा सहजीकरणको लागि प्रतिवादीहरू विप्लव पोखेलले आर.एस.वि.मेटलको तर्फबाट रू.२७३५०।- र अभियान्ता नेपालको तर्फबाट रू.२९,०००।- गरी जम्मा रू.५६,३५०/-(छपन्न हजार तीन सय पचास रूपैयाँ), प्रल्हाद गौतमले शुभश्री टेक्नोलोजिज समेतको तर्फबाट रू.३७,५००/-(सैतीस हजार पाँच सय रूपैयाँ) र राजेश श्रेष्ठले विप्लव पोखरेलमार्फत रू.२७,३५०/-(सत्ताइस हजार तीन सय पचास रूपैयाँ) गरी कुल रकम रू.९३,८५०/-(त्रियानब्बे हजार आठ सय पचास रूपैयाँ) प्रतिवादी ढुण्डिराज दाहाललाई घुस/रिसवत दिएको कार्य कसुर (Actus Reus) पुष्टि हुन आएको देखिँदा निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएकोले निजहरूलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहायः

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | **जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका वडा नं. ७ स्थायी वतन भएका विप्लव पोखेल** | रू.५६,३५०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो छपन्न हजार तीन सय पचास रूपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१क) बमोजिम बिगो जफत हुनसमेत मागदाबी लिइएको छ। |
| २. | **जिल्ला मकवानपुर, हेटौडा** | रू.३७,५००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) |

| | | | |
|---|---|---|---|
| | **उपमहानगरपालिका वडा नं. ६ स्थायी वतन भएका प्रल्हाद गौतम** | | बमोजिमको कसुरमा बिगो सैतीस हजार पाँच सय रूपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१क) बमोजिम बिगो जफत हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | **जिल्ला सिन्धुपाल्चोक, त्रिपुरासुन्दरी गा.पा. वडा नं. ५ स्थायी वतन भएका राजेश श्रेष्ठ** | रू.२७,३५०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो सत्ताइस हजार तीन सय पचास रूपैयाँ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१क) बमोजिम बिगो जफत हुनसमेत मागदावी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी